४१८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ३००/२०७२/०७३

**निर्णय नं.४०**

काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. २१ बस्ने वर्ष ३० को सागर जोशी .........१ पुनरावेदक

**विरुद्ध**

कार्यालय प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं .........................१ विपक्षी
सूचना अधिकारी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं .........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. २१ बस्ने वर्ष ३० को सागर जोशीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. बृद्ध बृद्धा जो क्रमिक रुपमा श्रवण शक्ति गुमाउदै गएका छन् तिनका लागि सरकारले सस्तो र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी श्रवण सामाग्रि उपलब्ध गराउने व्यवस्था गरेको छ कि छैन ?

२. सरकारले उपलब्ध गराउदै आएको निःशुल्क औषधीहरुको नामावली साथै ती औषधीको साथै ती औषधीको ब्राण्ड नाम, कम्पनीको नाम र कुन देशमा निर्मित भएका हुन् त्यस सम्बन्धी विवरणको प्रतिलिपि ।

३. यस्ता निःशुल्क औषधीहरु कहाँबाट प्राप्त गर्न सकिन्छ ? यो कार्यक्रम काठमाडौंमा पनि सक्रिय छ ? यी औंषधीहरु डाक्टरको लेखाइ पश्चात प्राप्त गर्न सकिन्छ कि बिना प्रेशक्रिप्सन प्राप्त गर्न सकिन्छ ?

४. सरकारले निःशुल्क औषधीहरुको गुणस्तर कसरी प्रमाणित गर्छ ?

५. कुनै पनि विषेश ब्राण्डको औषधी निःशुल्क वितरण गर्नलाई कुन मापदण्ड अनुसार छनौट गरिन्छ सो सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ १८ गते रोज ६ शुभम् ।